# योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिता सम्बन्धि नीति

२०८१/२०८२

## बिन्दबासिनी गाउँपालिका, पर्सा

## मधेश प्रदेश

CamScanner

## विषय सूची


१. पृष्ठभूमि .......... 2

२. वर्तमान अवस्था .......... 4

३. नयाँ नीतिको आवश्यकता .......... 5

४. दूरदृष्टि (Vision) .......... 5

५. लक्ष्य (Mission) .......... 6

६. रणनीतिक उद्देश्य (Strategic Goal) .......... 6

७. नीतिहरू (Policies) .......... 6

८. रणनीति (Strategy) .......... 6

९. कार्ययोजना (Action Plan) .......... 8

१०. बिन्दबासिनी गाउँपालिकाको कार्ययोजना .......... 10

## १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले प्रस्तावनामै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्यले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ। योजना तथा बजेटसम्बन्धी निर्णयहरू नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यस्ता निर्णय प्रक्रियामा नागरिकको सहभागिता हुनु उसको मौलिक अधिकार हो । बजेट प्रक्रियामा जनसहभागिताले सुझावयुक्त र विवेकी निर्णय लिन सघाउँछ, बजेट विनियोजनलाई औचित्यपूर्ण बनाउँछ, र लक्षित क्षेत्र तथा समुदायमा लगानी वृद्धि गर्न सम्बन्धित निकायलाई सहजीकरण गर्छ ।

राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने नीति रहेको छ। संविधानले प्रत्येक निर्णय प्रक्रियामा नागरिक सहभागिताको सिद्धान्तलाई आधार बनाई लोकतान्त्रिक अभ्यासको मार्गचित्र प्रस्तुत गरेको छ । बिन्दबासिनी गाउँपालिकाको सन्दर्भमा पनि योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्न विभिन्न कानुनी तथा नीतिगत व्यवस्था लागू छन्, जस्तै:

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- सूचनाको हक ऐन, २०६४ र नियमावली, २०६५
- सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ र नियमावली, २०६५
- सार्वजनिक खरिद ऐन, २०६३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि ऐन

यी सबै कानुनी आधारहरूले योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिताको क्षेत्र स्पष्ट रूपमा सुनिश्चित गरेका छन् ।

CamScanner

नेपालले विभिन्न मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूमा हस्ताक्षर तथा अनुमोदन गरेको छ । साथै, संयुक्त राष्ट्रसंघका प्रस्तावहरूमार्फत महिला, अल्पसंख्यक र पछाडि पारिएका वर्गहरूको सहभागिता, अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सुनिश्चित गर्ने दायित्व पनि नेपालको राज्यसंरचनामाथि आएको छ । बिन्दबासिनी गाउँपालिकाले पनि यो दायित्वलाई आफ्नो कार्यक्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । नागरिक सहभागिता भन्नाले वित्तीय नीति निर्माण र कार्यान्वयन प्रक्रियामा नागरिक, नागरिक संस्था, सामुदायिक समूह, व्यावसायिक संगठन, प्राज्ञिक संस्था र अन्य गैर-सरकारी पक्षहरू तथा सरकारबीचको प्रत्यक्ष संवाद र सहकार्यलाई जनाउँछ । यसमा एकपटकको परामर्श मात्र नभई निरन्तर, औपचारिक र संस्थागत सम्बन्धसम्मका अभ्यासहरू समावेश हुन्छन् ।

नागरिक सहभागिताका प्रमुख क्षेत्रहरू निम्न छन्:

१. बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र लेखापरीक्षण सम्मिलित वार्षिक बजेट चक्र
२. वित्तीय योजना तथा नीति निर्माण र संशोधन
३. वस्तु तथा सेवा उत्पादन र वितरण प्रक्रिया
४. सार्वजनिक लगानी परियोजनाको तयारी, मूल्याङ्कन र कार्यान्वयन
५ GEDSI ड्यासबोर्डका सूचक–सहभागिता दर, समावेशी खरिद, पहुँचयोग्यता अनुपालन, सन्तुष्टि सर्वे–वार्षिक प्रतिवेदनमा प्रकाशन।

नागरिक सहभागिताको अवसरले सरकार र नागरिकबीच विश्वासको वातावरण सुदृढ गर्छ, साथै विकास योजना र सेवा प्रवाहमा नागरिक स्वामित्व (ownership) स्थापना गर्न मद्दत गर्छ। त्यसैले, बिन्दबासिनी गाउँपालिकाले योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्न निरन्तर र संस्थागत प्रयास गर्नुपर्ने आवश्यकता स्पष्ट देखिन्छ ।

सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिताका निम्न पाँच चरणहरू छन्:

१. सूचना प्रवाह (Information Sharing)
२. परामर्श (Consultation)
३. संलग्नता (Engagement)

४ साझेदारी (Partnership)

५ सशक्तीकरण (Empowerment)

## २. वर्तमान अवस्था

बिन्दबासिनी गाउँपालिकाले संघीय नमुना कानुनको आधारमा आर्थिक कार्यविधि ऐन तथा नियमावली तयार गरे पनि योजना, बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र निगरानीमा नागरिक सहभागिता सुनिश्चित गर्ने स्पष्ट र प्रभावकारी व्यवस्था भने देखिदैन । बजेट तर्जुमा गर्दा बस्ती र टोलस्तरबाट आयोजना छनोटको औपचारिकता पुरा गरिए पनि अन्य चरणहरूमा नागरिकले सार्थक रूपमा आवाज राख्न पाउने अवसर अत्यन्तै सीमित छ। स्रोत अनुमान, बजेट सीमा निर्धारण, पूर्व-बजेट छलफल, मध्यमकालीन खर्च संरचना निर्माण, परियोजना बैंकको विकास, तथा बजेट वक्तव्य सार्वजनिकरण जस्ता अभ्यासहरू औपचारिक र संस्थागत रूपमा प्रचलनमा छैनन् ।

राजस्व परामर्श समिति, बजेट सीमा निर्धारण समिति, र कार्यक्रम तर्जुमा समिति जस्ता संरचनाहरू भए तापनि ती समितिहरूले नागरिकको सहभागिता प्रभावकारी रूपमा समेट्न नसकेको अवस्था देखिन्छ। नीति तथा कार्यक्रमबारे नागरिकस्तरमा छलफल हुने अभ्यास, वा स्रोत अनुमानमा विज्ञहरूको संलग्नता पनि अत्यन्त न्यून देखिन्छ । बजेट दस्तावेजहरू नागरिकले बुझ्ने सरल र प्रस्ट ढाँचामा तयार गरी सार्वजनिक गर्ने अभ्यास समेत कमजोर रहेको पाइन्छ, जसले सामान्य नागरिकको पहुँच र सहभागिता अझ सीमित बनाएको छ ।

स्थानीय उपभोक्ता समिति र टोल विकास संस्थाहरूले केही हदसम्म सहभागिताको प्रयास गरे तापनि समावेशी र प्रतिनिधिमूलक सहभागिता अझै कमजोर छ । निर्माण व्यवसायीको छनोट, गुणस्तर मूल्यांकन, अनुगमन, तथा प्रतिवेदनको सार्वजनिकरण जस्ता प्रक्रियाहरूमा नागरिक सहभागिता नगण्य छ । त्यस्तै, सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन प्रणाली र लेखापरीक्षणमा नागरिक संवाद जस्ता जवाफदेहिताका अभ्यासहरू पनि औपचारिक, नियमित र दिगो रूपमा स्थापित हुन नसकेका छन्। GEDSI ड्यासबोर्डका सूचक–सहभागिता दर, समावेशी खरिद, पहुँचयोग्यता अनुपालन, सन्तुष्टि सर्वे–वार्षिक प्रतिवेदनमा प्रकाशन।

यद्यपि, बिन्दबासिनी गाउँपालिकाले ई-गभर्नेन्सको प्रवर्द्धन, तथ्यांक तथा दस्तावेजको डिजिटल प्रकाशन, तथा सुशासन ऐन, २०८० मार्फत नागरिक सहभागिताका लागि संरचनागत पहलहरू गरेका छन् । आयोजना छनोटमा नागरिक सहभागिता सुनिश्चित गर्ने प्रयास, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण, गुनासो व्यवस्थापन, सूचनादाता संरक्षण, र विधुतीय सुशासन प्रवर्द्धन

मालती Jyoti

शिमा

जस्ता अभ्यासहरूबाट नागरिक सहभागिताको आधार निर्माण भएको छ । GEDSI ड्यासबोर्डका सूचक–सहभागिता दर, समावेशी खरिद, पहुँचयोग्यता अनुपालन, सन्तुष्टि सर्वे–वार्षिक प्रतिवेदनमा प्रकाशन।

तर, योजना तथा बजेट प्रक्रियाका सम्पूर्ण चरणहरूमा समावेशी, प्रतिनिधिमूलक र दिगो नागरिक सहभागिता विस्तार गर्न अझै प्रशस्त सुधारको ठाउँ र अवसर बाँकी छ। यस सन्दर्भमा सरकार-नागरिकबीचको विश्वासको खाडल, स्थानीय तहका संरचनाहरूको क्षमता अभाव, र व्यवहारिक कार्यान्वयनमा देखिएका चुनौतीहरू प्रमुख अवरोधका रूपमा देखा परेका छन् ।

## ३. नयाँ नीतिको आवश्यकता

नेपालको संविधान, साथै संघ, प्रदेश र स्थानीय तहका कानुनी प्रावधान तथा अभ्यासहरूले योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागितालाई विकासको एक अन्तर्निहित दृष्टिकोणको रूपमा स्वीकार गरे पनि बिन्दबासिनी गाउँपालिकाले अझैं सार्वजनिक वित्त व्यवस्थापनका सबै चरणमा नागरिक सहभागिता सुनिश्चित गर्ने स्पष्ट नीति निर्माण गर्न सकेको छैन । हालको अवस्थामा योजना तथा बजेट प्रक्रियालाई थप पारदर्शी, जवाफदेहीं र सहभागितामूलक बनाउँदै त्यसकै आधारमा परिणाममुखी सार्वजनिक वित्त व्यवस्थापन प्रणाली विकास गर्नु अत्यावश्यक छ, जसका लागि यो नीति दस्तावेज अत्यन्तै महत्वपूर्ण रहनेछ ।

बिन्दबासिनी गाउँपालिकामा सार्वजनिक खर्चप्रति संस्थागत जवाफदेहिता माग गर्ने नागरिक पक्ष (Demand Side) कमजोर देखिएको छ। साथै, प्रतिपक्षविहीन स्थानीय सरकारमा नागरिक सहभागिता र निगरानीको भूमिका झनै आवश्यक देखिन्छ। त्यसैले नागरिक माग पक्ष सुदृढ पार्दै, स्थानीय सरकारप्रति दवाब सिर्जना गर्ने वातावरण निर्माण गर्नु अपरिहार्य छ । बजेट तर्जुमा प्रक्रियालाई सहभागितामूलक बनाई, पूर्व-बजेट अभ्यास, र मध्यमकालीन खर्च संरचना (MTEF) मा सुधार गर्नु आवश्यक छ। विगतमा थालिएका सहभागितामूलक बजेट तर्जुमा र कार्यान्वयनका अभ्यासहरूलाई संस्थागत गर्दै निरन्तरता दिनुपर्छ । बजेट प्रक्रियामा नागरिक सहभागिताका विभिन्न पक्षहरू जस्तै: वित्तीय सूचनाको खुला प्रसार, नागरिक परामर्श, संलग्नता र सहभागिता, यी अभ्यासहरू अझै अपूरा र संस्थागत रूपमा कमजोर छन् ।

अब आवश्यक छ कि नागरिक सहभागिताका क्षेत्र, प्रक्रिया, अग्रिम जानकारी प्रवाह, सुझाव संकलन, अभिलेखन, विश्लेषण र त्यसको प्रयोग गर्ने चरणहरू स्पष्ट रूपमा परिभाषित गरियोस्, ताकि नेपालको अभ्यास अन्तर्राष्ट्रिय मान्यता र सिद्धान्तहरूसँग मेल खाने बनोस् । नागरिक

सहभागिताले समाजका जटिल सवालहरूमा नागरिकहरूको बुझाइ र जवाफदेहिता वृद्धि गर्नुका साथै नीति निर्माताहरूलाई नागरिकको चाहना, प्राथमिकता र सामाजिक प्रभावहरू बुझ्न मद्दत गर्छ। यसले सार्वजनिक निर्णयमा वैधानिकता र नागरिक स्वामित्व वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्दछ

त्यसैले, प्रस्तुत नीति दस्तावेजलाई आधार मानी, बिन्दबासिनी गाउँपालिकाले आफ्ना भविष्यका नीति, कार्यक्रम तथा विकास गतिविधिहरूमा नागरिक सहभागितालाई योजनाको मूलधारमा समावेश गर्दै समावेशी, उत्तरदायी र सशक्त स्थानीय शासनको अभ्यास संस्थागत गर्न सक्नेछ ।

## ४. दूरदृष्टि (Vision)

समावेशी नागरिक सहभागिता सहितको पारदर्शी, जवाफदेही र परिणाममुखी योजना तथा बजेट प्रक्रिया संस्थागत गरिएको पालिका निर्माण गर्नु ।

## ५. लक्ष्य (Mission)

पालिकालाई जनमुखी, पारदर्शी, जवाफदेही, समावेशी र सहभागितामूलक बनाउँदै सार्वजनिक सेवा छिटो, छरितो र कम खर्चिलो ढङ्गबाट सर्वसाधारणसम्म पुग्ने व्यवस्था सुनिश्चित गर्नु ।

## ६. रणनीतिक उद्देश्य (Strategic Goal)

बिन्दबासिनी गाउँपालिकाको योजना तथा बजेट प्रक्रियामा सुशासनको प्रत्याभूति दिने कानुनी तथा संस्थागत संरचना विकास गरी नागरिक सहभागिता, पारदर्शिता, उत्तरदायित्व र जनसंवादलाई प्रवर्द्धन गर्ने, साथै नागरिक आवाज सुन्ने र समेट्ने प्रणालीलाई सुदृढ गर्ने ।

## ७. नीतिहरू (Policies)

- **प्रति**निधित्व/समावेशिता: न्यूनतम ४०% महिला; दलित/आदिवासी जनजाति/मुस्लिम/सीमान्तकृत; अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित (उद्देश्यसूचकसहित)।
- GRB/GEDSI ट्यागिङ: सबै कार्यक्रम/बजेटमा अनिवार्य; बजेट पुस्तिकामा स्पष्ट।
- पहुँचयोग्यता: ह्वीलचेयर-मैत्री स्थल; सांकेतिक भाषा दुभाषे/ब्रेल/ठूलो अक्षर/श्रवण-सहायता; बच्चा-हेरचाह कक्ष।

- भाषिक समावेशिता: नेपालीसँगै स्थानीय भाषा (मैथिली/भोजपुरी/थारु)।
- सेफगार्डिङ/Do-No-Harm: GBV/भेदभाव शून्य सहनशीलता, गोपनीयता/सुरक्षा।
- खण्डीकृत तथ्याङ्क (WGSS): लिङ्ग/उमेर/अपाङ्गता/समुदाय/भू-क्षेत्र अनुसार।
- समावेशी खरिद: महिला-नेतृत्व/समावेशी उद्यम स्कोरिङ वेटेज।
- केयर-इकोनमी प्राथमिकतामा वेटेज।
- GEDSI ड्यासबोर्ड/सूचक: सहभागिता दर, सन्तुष्टि सर्वे, लक्ष्य-उपलब्धि ग्याप।

बिन्दबासिनी गाउँपालिकाले निर्माण गर्ने सम्पूर्ण योजना तथा बजेट प्रक्रियालाई नागरिक सहभागिताको अवधारणाबाट संस्थागत गर्न निम्न नीतिगत क्षेत्रहरूमा स्पष्ट व्यवस्था गर्नेछ:

- आवधिक रणनीतिक योजना निर्माण र मध्यमकालीन खर्च प्रक्षेपण प्रक्रियामा नागरिक परामर्श र संलग्नतालाई औपचारिक बनाउने ।
- बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र लेखापरीक्षणसम्म सूचनाप्रद एवं अर्थपूर्ण नागरिक सहभागिता सुनिश्चित गर्ने ।
- GEDSI ड्यासबोर्डका सूचक–सहभागिता दर, समावेशी खरिद, पहुँचयोग्यता अनुपालन, सन्तुष्टि सर्वे–वार्षिक प्रतिवेदनमा प्रकाशन।
- पूर्व-बजेट विवरण, नागरिक बजेट, मध्यमकालीन खर्च संरचना र परियोजना बैंक विकासमा नागरिक सुझाव र प्राथमिकता समावेशीकरण गर्ने ।
- योजना तथा बजेटसम्बन्धी सबै दस्तावेजहरू सरल भाषा, दृष्टिगोचर स्वरूप र पहुँचयोग्य ढाँचामा प्रकाशित गरी वित्तीय सूचनाको पहुँच विस्तार गर्ने ।
- सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ, सामुदायिक नक्साङ्कनजस्ता जवाफदेही अभ्यासहरूलाई सेवा प्रवाहमा अनिवार्य बनाउने ।
- GEDSI ड्यासबोर्डका सूचक–सहभागिता दर, समावेशी खरिद, पहुँचयोग्यता अनुपालन, सन्तुष्टि सर्वे–वार्षिक प्रतिवेदनमा प्रकाशन।
- सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न माग पक्ष (नागरिक) र पूर्ति पक्ष (सरकारी कर्मचारी, जनप्रतिनिधि) दुबैको क्षमता अभिवृद्धि गर्ने तालिम, कार्यशाला र ज्ञान आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने ।
- सूचना हक ऐन अन्तर्गत आवश्यक वित्तीय जानकारी स्वसक्रिय रूपमा प्रकाशित गर्ने नियमित अभ्यास लागू गर्ने ।

- योजना तथा बजेटसम्बन्धी गुनासो दर्ता, वर्गीकरण र समाधानका लागि कार्यालय-अनलाइन संयन्त्र स्थापना गरी जवाफदेहिता सुनिश्चित गर्ने ।
- लेखापरीक्षण प्रक्रियामा नागरिक दर्शक र सहभागी हुने विधि तथा पद्धतिहरू प्रवर्द्धन गर्ने ।
- GEDSI ड्यासबोर्डका सूचक–सहभागिता दर, समावेशी खरिद, पहुँचयोग्यता अनुपालन, सन्तुष्टि सर्वे–वार्षिक प्रतिवेदनमा प्रकाशन।

## ८. रणनीति (Strategy)

- त्यस समितिमा GEDSI focal person र वार्षिक GEDSI डेलिभरेबल।
- बैठक/कार्यशालामा पहुँचयोग्यता चेकलिस्ट अनिवार्य।
- सूचना/फाराम/सर्वे स्थानीय भाषामा पनि।

नीति अनुसारका उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ:

- योजना, बजेट तथा सार्वजनिक सेवा प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्न स्थायी संयन्त्र तथा स्पष्ट कार्यविधि निर्माण गरिनेछ ।
- नागरिकलाई योजना तथा बजेट प्रक्रिया, प्रगति, वित्तीय विवरण र निर्णयबारे नियमित, सुलभ र सरल भाषामा जानकारी प्रवाह गरिनेछ ।
- सार्वजनिक परामर्श, सामूहिक छलफल, अनलाइन तथा माबात प्रविधिका माध्यमबाट राय र सुझाव संकलन गरी नीति, योजना र बजेट निर्माणमा समावेश गरिनेछ ।
- सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ, सेवा प्रयोगकर्ता सर्भे, र समीक्षा मञ्चजस्ता अभ्यासहरूलाई नियमित र प्रभावकारी बनाइनेछ ।
- ड्यासबोर्डका सूचक–सहभागिता दर, समावेशी खरिद, पहुँचयोग्यता अनुपालन, सन्तुष्टि सर्वे–वार्षिक प्रतिवेदनमा प्रकाशन।
- सहभागी बजेट निर्माणमा सरोकारवाला साझेदारहरूसँग सहकार्य गरी बहु-पक्षीय सहभागिता प्रवर्द्धन गरिनेछ ।
- महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, युवा, वृद्धवृद्धा र अन्य आर्थिक रूपमा कमजोर समूहको सहभागिता सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू लागू गरिनेछ ।
- सहभागी योजना, बजेट तर्जुमा, वित्तीय पारदर्शिता र जवाफदेहिता सम्बन्धी विषयमा क्षमता विकास तालिम, अभिमुखीकरण तथा सहजीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- मोबाइल एप, वेबसाइट, सामाजिक सञ्जाल, अनलाइन राय संकलन प्रणाली जस्ता प्रविधि प्रयोग गरी नागरिकको पहुँच र संलग्नता फराकिलो बनाइनेछ ।

रिमा मानसी

९. कार्ययोजना (Action Plan)

- न्यूनतम ४०% महिला सहभागी, अपाङ्गता भएका व्यक्ति, दलित/आदिवासी जनजाति/मुस्लिम/सीमान्तकृत समुदाय र युवाको सहभागिता ट्र्याक/सार्वजनिक।
- GRB/GEDSI ट्यागिङ लागू र बजेट पुस्तिकामा कोड/वर्गीकरण प्रदर्शन।
- पहुँचयोग्य स्थल/सामग्री/दुभाषे/ब्रेल/ठूलो अक्षर/श्रवण-सहायता।
- WGSS-आधारित डेटा–गोपनीयता मापदण्ड पालना।
- समावेशी खरिद स्कोरिङ र मापदण्ड।
- केयर-इकोनमी योजनामा न्यूनतम बजेट वेटेज।
- GEDSI ड्यासबोर्ड–वेबसाइटमा त्रैमासिक अद्यावधिक।

यस नीतिका रणनीतिहरू कार्यान्वयन गर्न समयबद्ध कार्ययोजना निर्माण गरी लागू गरिनेछ, जसमा निम्न विषयवस्तुहरू समावेश गरिनेछन्:

- जिम्मेवार निकाय तथा कार्यान्वयनको समयसीमा निर्धारण गर्ने।
- आवश्यक बजेटको सुनिश्चितता र विनियोजन गर्ने।
- नियमित अनुगमन, मूल्यांकन तथा प्रगति समीक्षा गर्ने।
- आवश्यकताअनुसार कार्ययोजना परिमार्जन तथा अद्यावधिक गर्ने।

१०. बिन्दबासिनी गाउँपालिकाको कार्ययोजना

| क्रियाकलाप | प्रगति मापनका सूचक | श्रोत | समय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **उद्देश्य**<br>बिन्दबासिनी गाउँपालिकाको योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिता र समावेशी सिद्धान्तको व्यवहारिक कार्यान्वयन गर्ने । | | | | | |
| **उपलब्धि मापनको सूचक**<br>योजना तथा बजेट तर्जुमा प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धिका लागि आवश्यक नीतिगत, कानूनी एवं संस्थागत प्रबन्ध गरी अभ्यासमा आएको प्रगति । | | | | | |
| **प्रमुख रणनीतिहरु**<br>बजेट प्रक्रियालाई निर्देशित र व्यवस्थित गर्ने सहभागिता र समावेशिताका सिद्धान्त सहितको कार्यढाँचा निर्माण र कार्यान्वयन गर्ने तथा आपूर्ति पक्ष (बिन्दबासिनी गाउँपालिका) र माग पक्ष (समुदायको) क्षमता विकासलाई प्राथमिकताका साथ अघि बढाउने । | | | | | |
| **चरण १ बजेट तर्जुमा (आवधिक योजना र रणनीतिक प्रक्षेपण सहित)** | | | | | |
| १.१ सहभागितामूलक आवधिक योजना तर्जुमा कार्यविधि तयार गर्ने । | आवधिक योजना तर्जुमा कार्यविधिको उपलब्धता । | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष | गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय र प्रदेश योजना आयोग |
| १.२ आवधिक योजना निर्माणका क्रममा समुदाय, वडा र गाउँ तहका नागरिकसँग प्रत्यक्ष छलफल गर्ने, प्रारम्भिक मस्यौदा तयार भएपछि नागरिक सुझावका लागि | आवधिक योजना तर्जुमा मस्यौदा सार्वजनिकीकरण र नागरिक सुझावको विवरण प्रकाशित | गाउँपालिकाको वेबसाइट | हरेक पाँच वर्ष | गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय र प्रदेश |

| | | | | | |
|---|---|---|---|---|---|
| सार्वजनिक गर्ने र अन्तिम मस्यौदा पनि सार्वजनिक गर्ने । | पुस्तिका | | | | योजना आयोग |
| १.३. क. स्थानीय बजेट तर्जुमा दिग्दर्शनमा व्यवस्था गरी अर्ध वार्षिक समीक्षा लगत्तै आगामी ३ बर्षको आय र व्यय प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी नागरिक पृष्ठपोषणका लागि सार्वजनिक गर्ने । | नागरिक सुझाव र परामर्श सहितको मध्यमकालीन खर्च संरचना को मस्यौदा | गाउँपालिकाको वेबसाइट, नागरिक सुझाव र पृष्ठपोषणको सूचना तथा अभिलेख | हरेक वर्ष | गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय र प्रदेश योजना आयोग र अर्थ मन्त्रालय |
| १.३. ख. मस्यौदामाथि नागरिक पृष्ठपोषण संकलन गर्ने र नागरिक संस्थाका प्रतिनिधि समेतसँग छलफल गरी अन्तिम रुप दिने र सार्वजनिक गर्ने । | | | | | |
| १.४. सहभागितामूलक विधिबाट परियोजना बैङ्क तयार गरी संघीय सूचना प्रणालीमा प्रविष्टी गर्नुका साथै सार्वजनिक गर्ने । | सहभागितामूलक विधिबाट तयार पारिएको, परियोजना बैङ्क र विवरण | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | गाउँ कार्यपालिका | राष्ट्रिय/प्रदेश योजना आयोग |
| १.५. आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा आयोजना बैंक निर्माणको संयोजन गर्न बजेट तथा योजना शाखा वा | शाखा वा एकाईगठन गरेका निर्णय पुस्तिकाको सार्वजनिकीकरण | सङ्गठन संरचना तथा जनशक्ति | दोस्रो वर्षदेखि निरन्तर | गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

| | | | | | |
|---|---|---|---|---|---|
| एकाइ गठन गर्ने । | | | | | |
| १ ६ गाउँको जिम्मेवार कर्मचारी तथा पदाधिकारीलाई त्रिवर्षीय आय तथा व्यय अनुमान सहितको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धमा तालिम उपलब्ध गराउने । | तालिम प्राप्त पदाधिकारी तथा कर्मचारी सङ्ख्या | तालिम प्रतिवेदन तथा अभिलेखहरू | प्रथम वर्ष र हरेक दुई वर्ष | स्थानीय सरकार, सङ्घीय सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश सुशासन केन्द | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १ ७ बजेट तर्जुमाका सातवटै चरणमा अवलम्बन गरिने सहभागिता र सहजीकरणको विधि परिभाषित गरी स्थानीय बजेट तर्जुमा दिग्दर्शनको अभिन्न अङ्गका रुपमा समावेश गर्ने तथा सहभागीको लैङ्गिक लगायत खण्डीकृत विवरण र सुझाव तथा पृष्ठपोषणको अभिलेख राख्ने अनिवार्य प्रबन्ध गर्ने । | सात चरणको व्याख्या सहितको बजेट तर्जुमा दिग्दर्शन र बजेट तर्जुमा गोष्ठीमा सहभागीको खण्डीकृत तथ्याङ्क उपलब्धता | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष र नियमित | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, कार्यक्रम तथा बजेट तर्जुमा समिति | गाउँ कार्यपालिका |
| १ ८ बस्ती वा टोल स्तरको योजना तर्जुमा गोष्ठीबाट प्राप्त सुझावका आधारमा वडा स्तरका विकास कार्यक्रमको प्राथमिकीकरणका सन्दर्भमा शैक्षिक संस्था, स्वास्थ्य | वडा स्तरीय परामर्श बैठक संख्या | कार्यक्रमको प्रतिवेदन | दोस्रो वर्ष र हरेक वर्ष | वडा समितिहरू | गाउँ कार्यपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| संस्था, उपभोक्ता समिति, सहकारी आमा समूह, महिला समूह आदिका प्रतिनिधिसँग वडा समितिले परामर्श गर्ने संस्थागत विधि बनाउने । | | | | | |
| १.९ क्षेत्र र उपक्षेत्रगत बजेट सीमा निर्धारण गरी आगामी आर्थिक बर्षको बजेटको सीमा र मार्गदर्शन टोल भेला अघि निर्माण गरी सार्वजनिक गर्ने । | कुल र क्षेत्रगत बजेट सीमाको उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | गाउँ कार्यपालिका |
| १.१० स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति र कार्यक्रम तथा बजेट तर्जुमा समितिले आफ्नो कार्य सम्पन्न गर्नु पूर्व कम्तीमा एकपटक गाउँ स्तरमा नागरिक समाजसँग छलफल गरी राय सुझाव लिने । | सहभागितामूलक बैठकको सङ्ख्या | बैठकका प्रतिवेदन, अभिलेख | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श समिति | गाउँ कार्यपालिका |
| १.११ आधारभूत वित्तीय सूचना (चालु आर्थिक बर्षको आर्थिक सामाजिक अवस्था, आगामी आर्थिक बजेटको कुल र क्षेत्र र उपक्षेत्र तथा वडागत सीमा तथा आयको संरचना र सान्दर्भिक | बजेट विवरणको उपलब्धतापूर्व बजेट परामर्श सङ्ख्या | गाउँपालिकाको वेबसाइट सूचना तथा परामर्श बैठकका अभिलेख | प्रथम वर्ष र हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श समिति | गाउँ कार्यपालिका |

मान्ती कुसुम

मोहन

रिमा

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय तथ्याङ्क सहितको पूर्व बजेट विवरण तयार गर्ने तथा नागरिक सङ्घ संस्थाका प्रतिनिधि र आम नागरिकसँग गरिने खुला रुपमा पूर्व बजेट छलफल गर्ने । | | | | | |
| १.१२ नीति तथा कार्यक्रम र बजेट प्रस्तुति बीचका समय कम्तीमा ७ दिन बनाउने अर्थात् असार ३ गते भित्र नीति तथा कार्यक्रम सभामा पेस गर्ने र त्यसमाथि नागरिक टिप्पणीरसुझाव उपलब्ध हुने अवसर प्रबन्ध गर्ने । | परिमार्जित कार्यतालिका सहितको अद्यावधिक बजेट तर्जुमा दिग्दर्शनको उलब्धता | गाउँपालिकाको वेबसाइट नीति तथा कार्यक्रमबारे टिप्पणी तथा सुझावको अभिलेख | प्रथम वर्ष | गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १.१३ राजस्व परामर्श समितिले हरेक वर्ष आफ्नो प्रतिवेदन तयार गर्नु अघि विभिन्न नागरिक संस्थाका प्रतिनिधिसँग राजस्वका दायरा, दर, क्षेत्र आदिबारे छलफल गर्ने तथा आम नागरिकलाई राय सुझाव संकलन गर्ने । | राजस्व नीतिका सन्दर्भमा नागरिक सुझाव र पृष्ठपोषण को संख्या | सूचनाहरू, सहभागिता मूलक बैठक तथा सुझावको अभिलेख तथा प्रतिवेदन | हरेक वर्ष | राजस्व परामर्श समिति | गाउँ कार्यपालिका |
| १.१४ सङ्घीय सरकारबाट उपलब्ध गराइएको दिग्दर्शनमा आधारित रहेर स्थानीय बजेट तर्जुमा नमूना दिग्दर्शनमार्फत् महिला, दलित, | परिमार्जित बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता | | प्रथम वर्ष र नियमित | गाउँ/नगर कार्यपालिका | |

रिमा

| | | | | | |
|---|---|---|---|---|---|
| अपाङ्गता भएका व्यक्ति, बालबालिका आदि समूहको लक्षित कार्यक्रम निर्माण र प्राथमिकीकरणको विधि निर्धारण गरी कार्यान्वयन गर्ने । | | | | | |
| १.१५ सङ्घीय सरकारबाट उपलब्ध गराइएको नमुना दिग्दर्शनमा आधारित रहेर स्थानीय लैङ्गिक बजेट तर्जुमा दिग्दर्शन निर्माण गर्ने । | स्थानीय लैङ्गिक बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष | गाउँ/नगर कार्यपालिका | |
| १.१६ प्रशासनिक, कार्यगत र लैङ्गिक बजेट वर्गीकरण सहितको बजेट पुस्तिका सार्वजनिक गर्ने । | वर्गीकृत बजेट सूचना सहितको बजेट पुस्तिकाको उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | कार्यक्रम तथा बजेट तर्जुमा समिति | |
| १.१७ प्रस्तावित कार्यक्रम र बजेट स्थानीय बजेट सूचना प्रणाली (सूत्र)मा प्रविष्टि र बजेटको अनुसूची तयारीलाई एकसाथ अघि बढाउने र बजेट वक्तव्यसँगै बजेटका अनुसूची गाउँ सभामा प्रस्तुत गर्ने र सार्वजनिक गर्ने । | बजेटका अनुसूची सहितको बजेट प्रस्ताव सार्वजनिक गर्ने स्थानीय तहको सङ्ख्या | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा समिति | लेखा तथा बजेट शाखा र स्थानीय कार्यपालिका |
| १.१८ स्थानीय तहको नागरिक बजेट (बजेटको सरल प्रस्तुति) प्रकाशन गर्ने र आम नागरिकले बजेटमा | नागरिक बजेट को सार्वजनिक उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा समिति | स्थानीय कार्यपालिका |

मान्ती
ज्योति असमा
मोहन
रिमा

| | | | | | |
|---|---|---|---|---|---|
| सुसूचित धारणा बनाउन सक्ने अवसर उपलब्ध गराउने । | | | | | |
| **चरण २ बजेट अनुमोदन** | | | | | |
| २.१ गाउँ सभाले बजेटमा छलफल सुरु गर्नुभन्दा केही दिन अघिसम्म बजेटबारे सभालाई नागरिकले सुझाव दिने अवसर उपलब्ध गराउन, नागरिक सङ्घ संस्था तथा सञ्चार माध्यमसँग परामर्श गर्ने र त्यस्ता सुझावका बारेमा सभामा छलफलको प्रबन्ध मिलाउने । | गाउँसभाले बजेटका विभिन्न पक्षमा लिईएका नागरिक सुझाव को संख्या | प्रतिवेदन, अभिलेख, खुला सुनुवाई | हरेक वर्ष बजेट प्रस्तुत भएपछि पारित नहुँदासम्म | गाउँ सभा | गाउँपालिका कार्यपालिका |
| २.३ सभामा बजेट पेस भएपछि बजेट वक्तव्य र अनुसूची सदस्यलाई अध्ययन गर्न र नागरिकबाट सभाले सुझाव प्राप्त गर्न ७ दिनको समय दिने र त्यसपछि बजेटमा दफावार छलफल गरी पारित गर्ने प्रक्रिया अघि बढाउने प्रबन्ध गर्ने । | परिमार्जित स्थानीय सभा सञ्चालन कार्यविधि र अभ्यास | सभाको अभिलेख तथा खुला सुनुवाइ | प्रथम बर्ष हरेक वर्ष बजेट प्रस्तुत भएपछि | गाउँ सभा | गाउँ कार्यपालिका |
| २.३ विपद् प्रतिकार्य कोष तथा मर्मत सम्भार कोषबाहेक सबै रकम कार्यक्रम र शीर्षकगत रुपमा राख्नुका साथै विषय क्षेत्र, | विस्तृत बजेट सूचना सहितको स्वीकृत योजना तथा बजेट पुस्तिका | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | गाउँ कार्यपालिका | |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रशासनिक एकाइका आधारमा सजिलै छुट्याउन सकिने बजेट सूचना प्रस्तुत गरी बजेट पुस्तिका तयार गर्ने । | | | | | |
| **चरण ३ बजेट कार्यान्वयन** | | | | | |
| ३.१ मासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक समीक्षा तथा प्रतिवेदन निर्माण र प्रकाशनको कार्यतालिका स्थानीय आर्थिक कार्यविधि नियमावलीमा निर्धारण गरी कार्यान्वयन गर्ने । मध्यमकालीन समीक्षा प्रतिवेदन माथि नागरिक संवाद वा सुनुवाइको प्रबन्ध पनि गर्ने । | बजेट क्यालेन्डर सहितको आर्थिक कार्यविधि नियमावलीको उपलब्धता, वित्तीय प्रगति प्रतिवेदनको समयबद्ध सार्वजनिकीकरण | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष र हरेक बर्ष (मासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक) | गाउँ कार्यपालिका | |
| ३.२ उपभोक्ता समिति गठन र समिति सञ्चालन, पारदर्शिता र सुशासनका निश्चित मापदण्ड सहितको स्थानीय कानुन बनाई कार्यान्वयन गर्ने । | उपभोक्ता समिति सञ्चालन कार्यविधि को उपलब्धता | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष | गाउँ सभाहरू | गाउँ कार्यपालिका |
| ३.३ सङ्घीय सार्वजनिक खरिद ऐन बमोजिम स्थानीय खरिद नियमावली निर्माण गरी निश्चित रकम भन्दा माथिको आयोजनामा | नियमावलीको उपलब्धता भएका, सार्वजनिक खरिदको निर्णय पर्यवेक्षणमा नागरिक | गाउँपालिकाको वेबसाइट | दोस्रो वर्ष र नियमित | गाउँ कार्यपालिका | |

| | | | | | |
|---|---|---|---|---|---|
| निर्माण व्यवसायी छनोटको प्रक्रियामा नागरिक पर्यवेक्षण (प्रत्यक्ष वा भर्चुअल) को प्रबन्ध गर्ने । सार्वजनिक खरिदका सबै विवरण खरिदको निर्णय हुने बित्तिकै स्थानीय सरकारको वेबसाइटबाट सार्वजनिक गर्ने व्यवस्था गर्ने । | सहभागिता गराउने तथा सार्वजनिक खरिदको निर्णय सार्वजनिक गर्ने स्थानीय तहको सङ्ख्या | | | | |
| ३.४ क. गाउँ र वडा स्तरमा वार्षिक न्यूनतम ३ पटक सार्वजनिक सुनुवाई गर्ने र बजेट कार्यान्वयनको मध्यावधि समीक्षामा आधारित रहेर गाउँ स्तरमा कम्तीमा एउटा सार्वजनिक सुनुवाई गर्ने । ख. मध्यावधि समीक्षामा आधारित सार्वजनिक सुनुवाईमा राजस्व तथा खर्च विवरणमा बेग्लाबेग्लै छलफल गर्ने । | बजेट कार्यान्वयनका सन्दर्भमा आयोजना सार्वजनिक गरिएको सुनुवाई का सङ्ख्या | सुनुवाईका अभिलेख तथा प्रतिवेदनहरू | नियमित (कार्तिक, पौष र बैशाख) | गाउँ कार्यपालिका र वडा समिति | |
| ३.५ प्राकृतिक स्रोत उत्खनन, व्यवसायिक भवनको भाडामा दिने प्रक्रिया तथा राजस्व सम्बन्धी अन्य ठेक्का प्रक्रियामा प्रतिनिधिमूलक नागरिक सहभागिता वा पर्यवेक्षण अनिवार्य गर्ने । | राजस्वसँग संबन्धित ठेक्का प्रक्रियामा नागरिक पर्यवेक्षणको अभ्यासमा भएको बढोत्तरी | निर्णय तथा सहभागिताका अभिलेख | नियमित | गाउँ कार्यपालिका | |

मान्छी कुसुम

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ आन्तरिक ऋण, सार्वजनिक निजी साझेदारी जस्ता विधिबाट निर्माण गरिने परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी तथा ऋण वा साझेदारीको निर्णय सार्वजनिक छलफलको प्रक्रिया पूरा गरेर मात्र अघि बढाउने । | विस्तृत परियोजना प्रतिवेदन तयारी सम्बन्धी सान्दर्भिक कार्यविधि तयारी र कार्यान्वयन | गाउँपालिकाको वेबसाइट र सार्वजनिक विस्तृत परियोजना प्रतिवेदन | नियमित | गाउँ कार्यपालिका | |
| ३.७ गाउँ स्तरको पूर्वाधार विकास आयोजनाको अनुगमन टोलीमा सम्बन्धित परियोजना क्षेत्रका नागरिक सङ्घ संस्था वा प्रतिनिधि समेतको सहभागितामा अनुगमन गर्ने, निश्चित रकम भन्दा माथिका आयोजनाको तेस्रो पक्ष अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने । | पूर्वाधार आयोजनाको सहभागितामूलक अनुगमनको अभ्यासमा सुधार | सार्वजनिक अनुगमन प्रतिवेदन तथा अभिलेख | नियमित | गाउँ स्तरीय अनुगमन समिति, सुशासन समिति, सुस्थानीय नागरिक संस्था | गाउँ कार्यपालिका |
| ३.८ आर्थिक विकास, सामाजिक विकास, विपद् व्यवस्थापन जस्ता क्षेत्रका गाउँ स्तरका प्रमूख कार्यक्रमको लाभग्राही तथा नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने । | नागरिक सन्तुष्टि सर्वेक्षणको अभ्यासमा सुधार | प्रतिवेदन तथा अभिलेखहरू | हरेक वर्ष कार्यक्रम सम्पन्न भएपछि | गाउँ योजना तथा बजेट शाखा | गाउँ कार्यपालिका |
| ३.९ स्थानीय सरकार र नागरिक सङ्घ संस्था दुवैले बजेट | कार्यान्वयन मा ल्याइएका सामाजिक | सम्बन्धित प्रतिवेदन तथा | नियमित | गाउँपालिकाको वेबसाइट स्थानीय | |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यान्वयनका सन्दर्भमा नागरिकको सन्तुष्टि तथा गुणस्तर मापनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण, सामूदायिक अङ्क पत्र, नागरिक प्रतिवेदनपत्र जस्ता औजार कार्यान्वयन गर्ने । | जवाफदेहिताका औजारको संख्या | अभिलेखहरू | | सरकारहरू र नागरिक सङ्घ संस्थाहरू | |
| ३.१० कार्यक्रम तथा परियोजनाका सन्दर्भमा नागरिकको गुनासो सङ्कलन तथा सम्बोधन गर्ने तथा सहभागितामूलक अनुगमनका लागि कार्यविधि बनाउने । | कार्यविधि संख्या | गाउँपालिकाको वेबसाइट | प्रथम वर्ष र वर्षभरि | गाउँ कार्यपालिका | |
| ३.११ महामारी र विपदको वा समयमा गरिने बजेटको रकमान्तर र स्रोतान्तरको सूचना सार्वजनिक गर्ने तथा नागरिक संवाद गर्ने । | रकमान्तर सम्बन्धी सूचनाको उपलब्धता, नागरिक संवादको अभ्यास | गाउँपालिकाको वेबसाइट, सम्वाद तथा पृष्ठपोषणको अभिलेख | हरेक महिना | गाउँ कार्यपालिकाको सचिवालय | |
| ३.१२ स्थानीय विनियोजन ऐनको सीमाभित्रबाट रकमान्तर र स्रोतान्तरका सूचना नियमित सार्वजनिक गर्ने । | सान्दर्भिक वित्तीय सूचना नियमित सार्वजनिक गर्ने अभ्यास | गाउँपालिकाको वेबसाइट | हरेक महिना | गाउँ कार्यपालिका सचिवालय | |
| **चरण ४ निगरानी तथा लेखापरीक्षण** | | | | | |
| ४.१ गाउँ कार्यपालिकामा प्रतिनिधित्व नगर्ने सदस्यहरू | सभा सञ्चालन नियमावलीमा व्यवस्था | गाउँपालिकाको वेबसाइट | पहिलो वर्ष वा सभाको पहिलो | गाउँ सभा | |

| | | | | | |
|---|---|---|---|---|---|
| मध्येबाट ( गाउँ प्रमुखभन्दा फरक दलबाट प्रतिनिधित्व गर्ने) संयोजक रहनेगरी लेखा समिति निर्माण गर्ने । | गरी लेखा समिति गठनु को अभ्यास | | स | | |
| ४.२ महालेखा परीक्षकको गाउँ प्रतिवेदन सार्वजनिक गर्ने, नागरिक र सञ्चार माध्यमसँग छलफल गर्ने र नागरिक सुझाव समेतका आधारमा र सार्वजनिक लेखाको निगरानीको गाउँ सभाको समितिले गर्ने । | लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने र समिति र सभामा छलफल गर्ने स्थानीय तहको अनुपात | गाउँपालिकाको वेबसाइट, छलफलका अभिलेख | हरेक वर्ष | लेखा समितिहरू | गाउँ सभा |
| ४.३ लेखा समितिले बेरुजु लगायत महालेखा परीक्षकको प्रतिवेदनका ठम्याइ तथा सुझावमाथि गर्ने छलफलमा प्रतिनिधिमूलक नागरिक सहभागिता गराउने | सहभागितामूलक बैठकको संख्या | सान्दर्भिक अभिलेख तथा प्रतिवेदनहरू | नियमित | लेखा समितिहरू | गाउँ सभा |
| ४.४ उपभोक्ता समिति र अन्य प्रक्रियाबाट कार्यान्वयन हुने कार्यक्रम तथा परियोजनाको सार्वजनिक लेखा परीक्षण गर्ने र निश्चित रकम भन्दा माथिका आयोजनाको सार्वजनिक लेखा परीक्षण तेस्रो पक्षबाट गर्ने । | सार्वजनिक लेखा परीक्षणको अभ्यास तथा तेस्रो पक्षबाट सार्वजनिक लेखापरीक्षण अभ्यास | गाउँपालिकाको वेबसाइट सार्वजनिक लेखा परीक्षण प्रतिवेदनहरू | पहिलो वर्ष र अन्तिम किस्ता भुक्तानी पूर्व | सुशासन समिति, लेखा समिति, नागरिक सङ्घ संस्था | गाउँ सभा |